# सूर्यविनायक नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय,भक्तपुर
# बागमती प्रदेश ,नेपाल

स्टेशनरी तथा विविध सामग्री खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।०५।०६)

यस नगरपालिकाको लागि स्टेशनरी तथा विविध सामग्री खरिद सम्बन्धी विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. विद्युतीय बोलपत्र दस्तुर रु.३,०००।- वापतको रकम यस सूर्यवनायक नगरपालिकाको NIC ASIA BANK सुर्यविनायक, भक्तपुरमा रहेको आन्तरीक राजस्व खाता नं. ग-१-१-००८२०५००४२१२०००३ र धरौटी रकम रु. १,४०,०००।- NIC ASIA BANK सुर्यविनायक, भक्तपुरमा रहेको धरौटी खाता नं. ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा विद्युतीय बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्र दाताको विद्युतीय बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानतमा परिवर्तन गर्न पाईने छैन ।

२. बोलपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व ०८०/०८१ (सम्भव भए सम्म २०८१/८२) को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३ बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

४.बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको ३१ औं दिनको १२.०० बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

५. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२.३० बजेदेखि बोलपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र बिद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र बिद्युत्तिय बोलपत्र पेश गर्न सकिनेछ ।

७. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

.८. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

**तपसिल :**

| सि.नं | दरभाउपत्र नं. | विवरण | बैंक जमानत रकम | बैंक जमानतको म्याद | विद्युतीय दरभाउपत्र दस्तुर रकम (फिर्ता नहुने ) |
|---|---|---|---|---|---|
| १ | SBM/Store/०१/२०८२/०८३ | स्टेशनरी तथा विविध | रु १,४०,००० ।- | १२० दिन | ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत